नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं

## ट्रेडमार्क दर्ता सम्बन्धी सूचना

**(सूचना प्रकाशन मितिः २०८२/०५/०३)**

पेटेन्ट, डिजायन तथा ट्रेडमार्क ऐन, २०२२ तथा प्रचलित कानून बमोजिम आफ्नो व्यवसाय वा सेवाको ट्रेडमार्क दर्ता गर्न यस विभागमा दरखास्त पेश गरेका दरखास्तवालाहरूले यो सूचना प्रकाशन भएको मितिले ९० (नव्वे) दिनभित्र देहाय बमोजिम गर्न अनुरोध छ :

१. ट्रेडमार्क दर्ताका लगि आवश्यक कागजात र प्रक्रिया पूरा गरी दावी विरोधका लागि नव्बे दिनको अवधि तोकी औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशन गर्नुपर्ने प्रावधान अनुसार तत् तत् निवेदनसाथ आवश्यक कागजात पेश नगरी हालसम्म पनि बुलेटिनमा प्रकाशन गर्ने निर्णय नभएका दरखास्तवालाहरूले विभागमा सम्पर्क गरी अपुग कागजातहरू पेश गर्न ।

२. ट्रेडमार्क दर्ताका लागि सम्पूर्ण प्रक्रिया पूरा भएका दरखास्तहरूमा तोकिएको दस्तुर तिरी प्रमाणपत्र लिनुपर्नेमा सो लिन नआएका आवेदकहरूले तोकिएको दस्तुर दाखिला गरी प्रमाणपत्र लिनका लागि सम्पर्क गर्न ।

माथिका कार्यका सम्वन्धमा उल्लिखित अवधिभित्र सम्पर्क राख्न नआएमा कागजात नपुगेका दरखास्त र औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशन भई दर्ता प्रमाणपत्र नलिएका दरखास्तवालाहरूको दरखास्तउपर कुनै कारवाही नगरी यो सूचना प्रकाशन भएको ९१ (एकानव्वे) औं दिनमा दरखास्त खारेज भईजाने बेहोरा सम्बन्धित दरखास्तवालाहरूलाई जानकारी गराइन्छ ।

साथै, पेटेन्ट, डिजायन तथा ट्रेडमार्क ऐन २०२२ को दफा १८ग. बमोजिम यस विभागमा दर्ता भएका ट्रेडमार्कहरू दर्ता भएको मितिले सम्बन्धित ट्रेडमार्क धनीले एक वर्षसम्ममा प्रयोगमा ल्याउनुपर्ने व्यवस्था बमोजिम प्रयोगमा ल्याएको प्रमाण वा उत्पादनको नमूनासहित यो सूचना प्रकाशन भएको मितिले ६० (साठी) दिनभित्र विभागलाई जानकारी गराउनको लागि विभागको मिति २०८२/०४/३० को निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।

Scanned with CamScanner

Government of Nepal
Ministry of Industry, Commerce and Supplies
Department of Industry
Tripureshwor, Kathmandu

# Notice on Trademark Registration

(Notice Publication Date: August 19, 2025)

Applicants who have submitted an application to this department to register their business or service trademark in accordance with the Patent, Design and Trademark Act, 2022 and prevailing laws are requested to do the following within 90 (ninety) days from the date of publication of this notice:

1. Applicants whose trademark applications have not yet been published in the Industrial Property Bulletin due to the non-submission of required documents are hereby requested to contact the Trademarks Registry and submit the outstanding documents.

2. Applicants who have completed all formalities for trademark registration but have not yet paid the prescribed fee and obtained the registration certificate should contact the Trademarks Registry to make the necessary payment and obtain the trademark registration certificate

In case of failure to contact within the above-mentioned period, the applicants are hereby informed that the applications for which documents have not been received and the applicants who have not obtained the registration certificate after the publication of the trademark applications in the Industrial Property Bulletin will be rejected on the 91st (ninety-one) day of the publication of this notice without taking any action.

In accordance with Section 18(C) of the Patent, Design and Trademark Act, 2022, trademark owners registered with this department are required to use their registered trademarks within one (1) year from the date of registration. Trademark owners are hereby requested to submit proof of use or a product sample to the department within sixty (60) days from the date of publication of this notice. This notice has been issued pursuant to the decision made by the department on August 15, 2025.